श्री ५ को सरकार
सहकारी विभाग

दर्ता नम्बर :- २/२०५०/०५१

# दर्ताको प्रमाणपत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पुरुन्चौर कास्की लाई सीमित दायित्व भएको संस्था । संघमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मिति:- २०५०/४/२९/२

दस्तखत :-

( )

सहायक रजिष्ट्रार अधिकृत
सहकारी विभाग

श्री ५ को सरकार
सहकारी विभाग
जिल्ला सहकारी कार्यालयको छाप।
कास्की २०४६

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग



## स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

पान: ३ ० ४ ७ ६ ६ १ ४ ३ मिति: २१ ०५ २०५०

आन्तरिक राजश्व कार्यालय: पोखरा मू.अ.क. दर्ता मिति:

दिन महीना साल

करदाताको नाम: जनसेवा वचत तथा ऋण सहकारी संस्था लिमिटेड

करदाताको प्रकार: सहकारी

ठेगाना: वडा नं. ७, पुरञ्चौर

गाविस: पुरञ्चौर

कास्की

व्यवसाय कारोबारहरू: वित्तिय सेवाहरू,

करदाताको दस्तखत

अधिकृतको दस्तखत

**करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:**

- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ।
- अन्त:शुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।

**श्री जनसेवा वचत तथा ऋण सहकारी संस्था लि**
**पुरुन्चौर, कास्की**

मिति : २०७९/०४/१५

**विषयः ३० औं बार्षिक साधारण सभामा उपस्थित हुने वारे । ।**

श्री सम्पूर्ण सदस्यज्यूहरू,
जनसेवा साकोस
पोखरा–१९ सबिक पूरून्चौर.........कास्की    सं.न............

यस संस्थाको मिति २०७९ साउन १० गतेको संञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको ३० औं स्थापना दिवस तथा ३० औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा वस्ने भएकोले उक्त साधारण सभामा यहाँको गरिमामय उपस्थितिको लागि अनूरोध छ ।

मिति : २०७९ भाद्र २५ गते शनिवार ।
समय : विहान १०:३० वजे ।
स्थान : श्री भारती भवन मा.वि.को प्राङ्गण पोखरा १९, पूरून्चौर

**पहिलो सत्र**

उद्घाटन तथा शुभकामना कार्यक्रम

१) आशनग्रहण
२) राष्ट्रिय गान गायन
३) स्वागत मन्तव्य
४) प्रमुख अतिथिज्यूवाट कार्यक्रम समुद्घाटन ।
५) सहकारीका सात सिद्धान्त बाचन
६) अध्यक्षज्यूद्धारा संस्थाको ०७८/०७९ को प्रगती प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत ।
७) कोषाध्यक्षज्यूद्वारा आ.व. २०७८/२०७९ को आर्थिक प्रतिवेदन तथा आ.वं. २०७९/०८० को वजेट प्रस्तुत ।
८) लेखा समितिका संयोजकद्वारा लेखा समितिको प्रतिवेदन प्रस्तूत ।
९) विभिन्न विधामा सदस्य सम्मान तथा पूरस्कार वितरण ।
१०) शुभकामना मन्तव्य
११) प्रमूख अतिथिज्यूवाट मन्तव्य ।
१२) धन्यवाद ज्ञापन, पहिलो सत्र समापन ।

**दोस्रो सत्र अर्थात वन्द सत्रः**

१) आ.व ०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन प्रस्तूत एवं स्वीकृत सम्वन्धमा ।
२) अध्यक्ष तथा कोषाध्यक्षको प्रतिवेदन स्वीकृत सम्वन्धमा ।
३) आ.व ०७९/०८० को वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत सम्वन्धमा ।
४) आ.व २०७९/०८० को लागी लेखा परिक्षकको नियूक्ति एवं पारिश्रमीक तोक्ने सम्वन्धमा ।
५) आ.व. २०७८/२०७९ शेयर लाभांश र संरक्षित पुजी वितरण सम्वन्धमा ।
६) संस्थाका आन्तरिक नीति निर्देशिका एवं कार्यविधिहरू संशोधन तथा अनूमोदन सम्बन्धमा ।
७) थप वजेट अनूमोदन संवन्धमा ।
८) निर्णय पूस्तिकामा हस्ताक्षर गर्ने १२ जना प्रतिनिधी तोक्ने वारे ।
१०) विविध

**प्रार्थी**
दानबहादुर भुजेल
सचिव

# ३० औं वार्षिक साधारण सभा

## प्रतिवेदन पुस्तिका-२०७९

मुद्रण :
आदर्श अफ्सेट प्रिन्टर्स
बगर, पोखरा ०६१-५४४९६२

SUCCEED
PROBATION
Program for Building Absolute & Professionalization
नेफस्कून

## यस भित्र ....

सञ्चालक समितिको तर्फबाट

अध्यक्षद्वारा प्रस्तुत प्रगति तथा आगामी वर्षको नीति तथा कार्यक्रम

कोषाध्यक्षको आर्थिक प्रतिवेदन

लेखा समितिको प्रतिवेदन

लेखा परीक्षण प्रतिवेदन

पर्ल्स मुल्याङ्कन पद्धतिका अनुपातहरु

# श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लि पुरुन्चौर

## ३० औं वार्षिक साधारण सभा

## सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

*मिति २०७९ भाद्र २५ गते शनिवार*



**चेतनाथ गौतम**
**अध्यक्ष**

यस जनसेवा बचत तथा ऋण सहकारी संस्था लि. को ३० औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणा लाई हार्दिकताका साथ स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथि, विशिष्ठ अतिथिज्यहरु, सञ्चालक समितिका उपाध्यक्ष लगायत सञ्चालक सदस्यज्यूहरु, लेखा तथा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्युहरु उप-समितिका संयोजक तथा सदस्यज्यूहरु सल्लाहकारज्यूहरु आदरणीय शेयर सदस्यज्यूहरु, व्यवस्थापक तथा कर्मचारी मित्रहरु, उपस्थित सहकारीकर्मी महानुभावहरु, पत्रकार बन्धुहरु सबैमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण २८ औं र २९ औं साधारण सभाहरु सप्ताहव्यापी रुपमा सञ्चालन गरिए पनि हाल परिस्थिति केही सहज भएकोले हामी आज सबै जना एकै ठाउँमा उपस्थित भएर साधारण सभा सम्पन्न गर्न लागी रहेका छौं । कोरोना महामारी विस्तारै कम हुदै गए पनि त्यसको प्रभाव ब्यापार र पेसा ब्यसायमा हाल सम्म पनि कायमै रहेको छ। हाल नयाँ भेरीएन्टको कारण केहि व्यक्तीहरु संक्रमित रहेको अवस्थामा सुरक्षाको न्यूनतम मापदण्डहरु परिपालाना गरी सुरक्षीत रहन आग्रह गर्दछु।

कोरोना महामारीले थला परेको विस्व अर्थतन्त्रले विस्तारै अगाडी बढ्न खोज्दा हामि वित्तिय कारोवार गर्ने संस्थाहरुमा फेरी अर्को समस्या आई परेको छ । देशमा देखिएको विध्यमान तरलता संकटको कारणले केही वित्तीय संस्थामा समस्या परेको तथा केहि सहकारीहरुले बचत फिर्ता गर्न नसकेको समाचारहरु पनि आई रहेका छन् । यस्तो विषम परिस्थितमा पनि जनसेवा साकोसले आफ्नो कारोवारलाई निरन्तरता दिई साविक दिदै आएको सेवामा कत्ती पनि विचलन नल्याई कारोवाको निरन्तरता साथै समय सापेक्ष परिमार्जित र परिस्कृत सेवा दिई रहेको छ। देशमा आर्थिक मन्दी भै रहेको अवस्थामा कतिपए वित्तीय संस्थामा तरलताको समस्या हाम्रो यस ऋण लगानीमा तरलताको कारणले गर्दा कुनै समयमा सिमा कायम गराउनु परेन यो सबै सदस्यहरुको विस्वास र संस्था प्रतिको सद्भावना, अघात माया, पर्ल्सको मापदण्ड अनुसार संस्था सञ्चालन एवं कुशल व्यवस्थापन बाट नै सम्भव भएको हो ।

नेपाल सरकार सहकारी विभागले समय समयमा निर्दिष्ट गरेका मापदण्डहरुको पालना तथा नियमनकारी निकाय एवं छाता संगठनको निर्देशन अनुसार विभिन्न समयमा यहाँहरुबाट प्राप्त सुझाव संकलन गर्दै संस्थाको गत आ.व.को समिक्षा तथा चालु आ.व.को वर्षिक नीति तथा कार्यक्रम र बजेट यस संम्मानीत सभा समक्ष प्रस्तुत गर्न गई रहेका छौँ । यस जनसेवा बचत तथा ऋण सहकारी संस्थाको मिति २०७८ साउन १० गतेको सञ्चालक समितिको निर्णय अनुसार ३० औं वार्षिक साधारण सभा सम्पन्न गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुमोदन तथा स्वीकृत गर्न आदरणीय शेयर सदस्यज्युहरु माझ हामी उपस्थित भएका छौं ।

२०५० सालमा विधिवत् रुपमा सानो पुँजी बाट सुरु गरिएको यस संस्थाले ३० औँ वर्षमा प्रवेश गर्दै गर्दा विभिन्न आरोह अवरोह आन्तरीक तथा बाह्य चुनौती एवं असहज परिस्थतिको सामना गर्दै समस्या र चुनौतीलाई अवसरमा बदल्दै संस्थाको स्थायित्व सदस्य सेवामुखी बनाउदै अन्य सहकारी भन्दा फरक स्तरयुक्त रुपमा पहिचान बनाउनका लागी हामी सबै सहकारी अभियन्ताहरुको सहयोग सद्भाव नितान्त आवश्यक रहेको छ । त्यसैले सहकारी लाई स्तरयुक्त सदस्य मैत्री बनाउन सहकारी ऐन नियमको पुर्ण पालना गर्दै अगाडी बढ्ने उद्धेश्यका साथ मिति २०७४ साल चैत्र २२ मा नेपाल सरकार सहकारी विभाग तथा नेफ्स्कुन द्धारा प्रवर्दित पुर्ण तथा व्यबसायिक साकोस विकास निर्माण कार्यक्रम प्रोवेसन (PROBATION) मा सहभागी भै, मिति २०७७ पौष ५ गते कास्की जिल्लामानै पहिलो पटक PROBATION Brand मा सफलता हाँसिल गरि इतिहास रच्ने अवसर प्राप्त गरी सकेको कुरा यहाँहरुलाई यस भन्दा अगाडी जानकारी भएको छ । संस्थाको प्रगती त्यतिमा मात्र सिमित नभई नेफ्स्कुन को ३४ औँ स्थापना दिवसको अवसरमा गण्डकी प्रदेशको उत्कृष्ट साकोस लगाएत विभिन्न समयमा नियमनकारी निकाय तथा छाता संगठनमार्फता संस्था विभिन्न समयमा विभिन्न विधाबाट सम्मानीत हुदै आएको । यी सबै सफलता हामी सबै शेयर सदस्यहरुको संस्था प्रतिको विस्वास, लगाव, अनुसासन, सञ्चालकको दुरागामी सोच तथा कर्मचारीहरुको कडा मेहनत बाट नै सफल भएको हो । Probation brand प्राप्त संस्था भएकोले प्राप्त ब्राण्डलाई कसरी निरन्तरता दिने भन्ने चुनौती पनि हामी सामु खडा छ । प्राप्त गर्न जती कठिन छ त्यो भन्दा बढी त्यसलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने चुनौती पार गर्नु पर्ने छ । त्यसको लागी संस्थाको आन्तरीक तथा बाह्य पक्षको पनि स्तर उन्नती गर्दै जानु पर्ने अवस्था महसुस भै केही भौतिक निर्माणका कार्यहरु गरिएको ब्यहोरा अनुरोध गर्दछु । साथै संस्थालाई जिवन्तता दिन तथा दिगो विकासको लागी संस्थाको मेरुदण्डको रुपमा रहेको जगेडाकोष मजबुत बनाउने तर्फ विशेष ध्यान केन्द्रीत भएको छ । जसको पुर्ण विवरण कोषाध्यक्ष वा लेखा परिक्षकको प्रतिवेदनमा उल्लेख भएको छ ।

जिल्ला सहकारी संघ ली. कास्कीको ...औं साधारण सभाको अवसरमा हाम्रो यस संस्थाका संस्थापक अध्यक्ष श्री भिम प्रसाद अधिकारी र पुर्व अध्यक्ष केशरवहादुर अधिकारी जेष्ठ सदस्य विधाबाट सम्मानीत हुनु भएको छ ।

संस्थाको वृद्धि र विकासको लागी सेवा दिने भौगोलिक स्थान र संस्था तथा सदस्यहरुको पहुच महत्वपुर्ण पक्षको रुपमा रहेको हुन्छ । राज्यको पुर्नरसंरचना पछि हाम्रो यस संस्थाको कार्यक्षेत्र पोखरा महनगरपालिका वडा नं. १९ कायम भएको मा शेयर सदस्य महानुभावहरुको सुझाव एवं गत साधारणसभाको निर्णय बमोजीम मिति ०७७ पौष २ गते नियमनकारी निकाय पोखरा महानगरपालिका ले ८ ओटा वडाहरु थप गरी हाल संस्थाको कार्य क्षेत्र पोखरा महानगपालिका वडा नं. १,२,३,४,५,११,१६,१९,२५ रहेको कुरा यहाँहरुलाई सर्ब विद्धितै छ । कार्य क्षेत्र विस्तार भएता पनि भौगोलीक अवस्था र दुरीको कारणले हाल भै रहेको कार्यालयबाटनै सेवा दिन तथा कार्यक्षेत्र भित्रका सबै सदस्यहरुले समान रुपमा सेवा लिन असहज भएको कारणले २९ औं साधारण सभाबाट पोखरा १ बगरमा १ सेवा केन्द्र संचालनकोलागी महानगरपालिका बाट स्वीकृती लिने निर्णय भए बमोजीम मिति २०७९ जेष्ठ १८ गते महानगरपालिका सँग सेवा केन्द्र सञ्चालनको स्वीकृती लिई बगर १ ट्याक्सीचोकमा रहेको बाबा भवनमा सेवा केन्द्रको कार्यालय रहने गरी सेवा केन्द्र सञ्चालनको लागी प्रकृया अगाडी बढेको जानकारी गराउदछु । अव छिट्टैनै सेवा केन्द्र विस्तार भएका क्षेत्रका सदस्यहरुले बगर सेवा केन्द्र मार्फत सेवा लिन सकिने

कुराको प्रतिवद्धता ब्यक्त गर्दछु साथै पोखरा १९ पुरुन्चौरमा जस्तै त्यहाँको समुदायले पनि जनसेवा साकोसलाई माया र विश्वास राखि कारोवार गरिदिनु हुने छ भन्ने अपेक्षा गरेका छौं ।

देशका विभिन्न क्षेत्रबाट सहकारी अवलोकन भ्रमण गर्न र सहकारीहरु विच असल अभ्यासको आदान प्रदान गर्न आउने सहकारीकर्मीहरुको आवगमनमा वृद्धि भएको छ । यसै विचमा ललीतपुरको टेवा बहुउद्धेश्यीय साकोस, धादिङ्को स्वस्तीक साकोस, कैलालीको तिला कर्णाली साकोस, ग्रामिण साकोस सल्यान, सजिलो साकोस चितवन, लेखनाथ सामुदायीक साकोस कास्की, अर्घौ कृषि सहकारी संस्था लि कास्की लगायतका संघ संस्थाहरुलो हाम्रो यस संस्थाको स्थलगत अवलोकन भ्रमण गरी दुवै संस्था विचको असल अभ्यासको आदन प्रदान तथा अन्तरक्रिया गरिएको थियो ।

संस्था संञ्चालन गर्दै जाने दौरानमा सफलता र शुखका क्षणहरु सँग सँगै केही दुखका क्षणहरु पनि आइ परे, यसै अवधिमा संस्थाका आदरणीय शेयर सदस्यहरु क्रमशः स.न. १२१ का नारायण प्रसाद पौडेल, स.न१६४३ अर्जुन गौतम, ४२१ लिलामोहन अधिकारी, ८२७ नीरा नेपाली, १२५ गोलमाया अधिकारी, ११४९ माईली सार्की, ११७४ जिरी गिरी, ५९१धनमाया भुजेल, ३३२ अयोध्या गौतम, ७५१ खड्कबहादुर भुजेल र २२८४ नारान गिरी हामी माझ रहनुभएन। म सर्व प्रथम स्वर्गीय आत्माहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै सोक सन्तव्त परिवारजनमा हार्दिक समवेदना समेत प्रकट गर्दछु। संस्थाको सदस्य राहत निति अनुसार स्वर्गीय ब्यक्तित्वहरुका परिवारजनलाई राहत स्वरुप भेटी समेत उपलव्ध गराईएको छ भने गत साधारण सभाबाट निर्णय भए अनुसार यस आर्थिक वर्षमा शेयर सदस्यका एकाघर परिवारका ११ जना सदस्यहरुको घर परिवारमा सदस्य राहतकोषबाट भेटि प्रदान गरिएको ब्यहोरा जानकारी गराउदछु।

सदस्यहरुलाई न्युनतम वित्तिय लागतमा छिटो छरितो र सर्वसुलभ सेवा दिने हाम्रो अभिप्राय रहेतापनि वित्तिय बजारमा आएको तरलता अभावको कारणले संस्थाको वित्तिय लागतमा केहि वृद्धि हुन गै संस्थाले प्रदान गर्ने बस्तु तथा सेवाको मुल्यमा समय सापेक्षा परिबर्तन गर्नु पर्ने बाध्यता बाट हाम्रो यस संस्था पनि अछुतो रहन सकेन, यद्यपी सदस्यकहरुको हितलाई ध्यानमा राख्दै तिर्न सक्ने सक्षमत तथा आय आर्जनको क्षमतालाई समेत ध्यान दिई सरकारले कायम गराएको सन्दर्भ ब्याजदर १६ प्रतिशत हुदा हुदै पनि जनसेवा साकोसेल हाल न्युनतम १३ प्रतिशत देखी १४।७५ प्रतिशत सम्म ऋणमा ब्याजदर कायम गराईको छ। सरकारले सहकारी संघ संस्थाहरुको लागी ६ प्रतिशत फरकता दर को सुविधा प्रदान गरे तापनि सदस्यहरुको हितलाई ध्यानमा राखी ५ प्रतिशत मात्र फरकता दर कायम गराईएको छ। कोरोना महामारीको असर केहि मात्रामा कम भए पनि व्यबसायिक क्षेत्रमा यसको प्रभाव कायमै रहेकोले ऋणको किस्ता निरन्तर संचालन गरेका शेयर सदस्यहरुलाई ब्यबसाय निरन्तरताको लागी नियमावलीको परिधिभित्र रही थप ऋण उपलब्ध गराइएको छ। संस्थाको असल ऋणी कार्यक्रम अर्न्तगत पछिल्लो २ वर्षको कारोवारलाई अध्यान गरी ३९ जना सदस्यहरु असल ऋणी जनसेवा कार्ड प्राप्त गर्न सफल हुनु भएको छ। संस्थालाई समय सापेक्ष संञ्चालन गर्न कर्मचारीहरुको मनोवल उच्च राख्न नेपाल सरकारले निजामती कर्मचारीहरुको तलवमा वृद्धि गरेकाले र देशमा महङ्गीमा वृद्धि भएकोले कर्मचारीहरुबाट तवल वृद्धिको माग भएकोले मिति २०७९ साउन १० गतेको संचालक समितको बैठकको निर्णय बमोजीम प्रति कर्मचारी रु.१०००। का दरले महङ्गी भत्ताा थप गरी मासिक रुपमा रु.२०००। प्रदान

गरिएको छ। आधार भुत तलव वृद्धिको लागी बजेटमा व्यवस्था गरिएको छ भने तलवमान वृद्धि गरिएको छैन। समय सापेक्ष कर्मचारी विमा, औषधोपचार, विदा तथा राज्यले ल्याएको सामाजिक सुरक्षा कोषमा कर्मचारी हरुलाई सहभागी गराई कर्मचारीहरुको भविस्यको सुरक्षा साथै मनोवल उच्च राख्ने कार्य गुर्न अपरिहार्य रहेको कुरा यस गरिमामय साधारण सभा समक्ष जानकारी गराउदछु।

कार्यक्षेत्र भित्रका बेरोजगार युवाहरुलाई उधमी बनाउने उद्देश्यले नेपाल सरकार युवा तथा साना ब्यबसायी स्वरोजगार कोष सँग ऋण मागको लागी सम्पुर्ण कागजातहरु पेश गरि सकिएको छ। उक्त ऋण प्रक्रृयाको क्रममा रहेको जानकारी गराउदछु। नेपाल सरकार सहकारी विभाग बाट समय समयमा जारी भएको निर्देशनलाई पालना गर्दै लगीएको छ। हाल सम्पती सुद्धिकरण अर्न्तगत गो–एम.एल मार्फत कारोवार विवरणको जानकारी सम्बन्धित निकायमा गराउने गरिएको छ।

सहकारी ऐन २०७४, नियमावली २०७५ तथा महानगरपालिका सहकारी ऐन २०७५ बमोजिम संस्थाको विनियम लाई समय सापेक्षा परिमार्जन गर्नकोलागी गत साधारण सभाबाट स्वीकृत प्राप्त भएकोमा विनियम पुनरलेखनको ड्राफ तयार भै सकेको जानकार्रा गराउदछु। साथै संस्थामा आबस्यक निम्न निती तथा कार्यविधिहरुको मस्यौदा तयार भएकोले उक्त निती तथा कार्यविधिहरुलाई स्वीकृत गरीदनुहन अनुरोध छ।

क) पुराना कागजात धुल्याउने नीति २०७८
ख) कर्मचारी हाते पुस्तीका
ग) ५ सि भर्ने कार्यविधि
घ) कर्मचारी सहुलीएत ऋण कार्यविधि।
ङ) सि.सि. क्यामेरा हेर्ने कार्यविधि
च) सहकारी एकिकरण कार्यविधि
छ) सेवा केन्द्र व्यवस्थापन नीति।

आदरणीय शेयरधनी महानुभावज्यूहरु

संस्थाको २९ औं साधारण सभाबाट स्विकृत कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने हामी सबैको साझा दायीत्व हो। निर्धारीत कार्यक्रमहरुमध्ये धेरै सम्पन्न भएका छन भने कतिपय कार्यक्रमहरु सम्पन्न हुन बाँकी छन। बाँकी रहेको कार्यक्रमहरु क्रमश प्राथमिकताको आधारमा पुरा गर्दै लगीने प्रतिवद्धता यस सम्मानीत साधारण सभा समक्ष ब्यक्त गर्न चाहान्छु। विगत साधारण सभाबाट स्वीकृत भएका कार्यक्रमहरु मध्येबाट निम्न बमोजिमका कार्यहरु सम्पन्न भएको ब्यहोरा जानकारी गराउन चहान्छु।

१) सहकारीमा युवाहरुको आकर्षण वृद्धि गर्न तथा सदस्यहरुलाई थपसहज तरिकाबाट कारोवार गर्न सहज होस भन्ने हेतुले जस्तोसुकै महामारीमा पनि कारोवारलाई निरन्तरतादिन संस्थाले मोवाईल बैंकिङ् सेवा सञ्चालनमा ल्याएको छ। उपयोग गर्न सक्ने सबै सदस्यहरुले जनसेवा साकोसको मोवाईल बैंकिङ सेवा उपयोग गरी लाभांवित हुनअनुरोध गर्दछु।

२. सदस्य संस्थामा आउने भन्दा पनि संस्था सदस्यसम्म पुग्नु पर्ने मान्यतालाई आत्मसाथ गर्दै भेगिए रुपमा सदस्य शिक्षा तथा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ। यो वर्ष मात्र ३०० जना

सदस्यहरुलाई सदस्य शिक्षा कार्यक्रम प्रदान गरिएको छ।

४) संस्थाको टेलर, सदस्यता कक्ष, सदस्य सहयोग कक्ष, बैठकहल लाई थप ब्यबस्थीत र सदस्य मैत्री बनाईएको छ।

५) यस आ.व. मा सदस्य संख्यामा ११४ जनाले वृद्धि गरी जम्मा सदस्य संख्या १९४६ पुर्याइएको छ ।

६) आ.व. ०७८/७९ मा २२ जना शेयर सदस्यहरुबाट सदस्य राहतकोषबाट सुविधा उपयोग गर्नू भएको छ जस मध्ये शेयर सदस्यहरु ११ जना र शेयर सदस्यहरुको एकाघर परिवारको सदस्य ११ जना यो सुविधा बाट लाभान्वीत हुनु भएको छ। सदस्य स्वंमलाई १६५०००। र एकाघर परिवारमा रु.११०००। गरी जम्मा सदस्य राहतकोषबाट रु.१,७६,०००। खर्च भएको छ। गत वर्ष सदस्य राहतकोषमा रहेको रकम रु.३५४५७७५।४० रहेको मा आ.व. ०७८/०७९ मा सदस्यहरुबाट राहतकोषमा जम्मा भएको रकम र प्राप्त ब्याज समेतको रु.६८९११३।२० थप भै रु.१७६०००। खर्च घटाउदा हाल सम्म सदस्य राहतकोषमा रु.४०,५८,८८८.६४ कायम रहेको छ। गत वर्षबाट सुरु गरिएको कार्यक्रम एकाघर परिवारमा सदस्य राहतकोषबाट भेटी पुर्याउने कामले गर्दा संस्थामा एकाघरपरिवारका वा परिवारका सदस्यहरु सदस्यता लिने प्रचलन बढेको छ। साथै सदस्यको एकाघर परिवारका ब्यक्तिहरु सदस्य बन्ने प्रकृया वृद्धि भएको छ भने यस कार्यक्रमले संस्थाको असल अभ्यासको जानकारी धेरै सदस्य माझ पुगेको छ।

७) मिति २०७८ माघ बाट बरिष्ठ लेखा सहायक विष्णु गिरीलाई स्थायी नियुक्ती प्रदान गरिएको छ। मिति २०७८ कार्तिक १० गतेको सञ्चालक समितिको बैठकको निर्णय बमोजीम संस्थाका चौकिदार शिव गिरीलाई ०७९ असार मसान्तर सम्म काजमा खटाइएको थियो भने आ.व. ०७९ साउनबाट बजार प्रतिनिधिको पदमा छानौट भई शिवगिरीले बजार प्रतिनिधिको पदमा नियुक्ती दिइएको छ। त्यसै गरी बरिष्ठ लेखा सहायक पाचौ तहमा कार्यरत शिवमाया तिमिल्सीना गौतमले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गरी उक्त पदमा मानव संसाधन उप समितिको सिफारीसमा सञ्चालक समिति बाट प्रमोद अधिकारीलाई नियुक्ती प्रदान गरिएको छ। ***संस्थाको वित्तिय कारोवार एवं खाता संख्यामा वृद्धि भएको छ। संस्थाको खाता संख्यामा वृद्धि भएको तथा बजार प्रतिनिधि मार्फत संस्था र सदस्यको विचमा दोहोरो संचार कायम भएको छ।***

८) संस्थाको वित्तिय कारोवार पर्ल्स मापदण्ड अनुसार भएका छन्। साथै संस्थाको जगेडाकोष लाई बलीयो बनाईएको छ यस वर्ष जगेडाकोषमा नाफाबाट २२७१८५३।३१ र अन्य कोषबाट रु.६७७१३८।४४ रकमान्तर गरी जम्मा रु.२९४८९९१।७५ ले वृद्धि भएको छ।

९) यस आ.व. मा ३८७ जना नयाँ सदस्यहरुलाई लागनी तर्फको कारोवारीक सेवा उपयोग गनू भएको छ। हाल सम्म कुल ऋण उपयोग गर्ने सदस्यहरुको संख्या ४०७ जना रहेको छ। आ.व. ०७८/०७९ सम्ममा संचालक समितिको बैंठक संख्या १६, ऋण उप समितिको बैठक संख्या १९, शिक्षा उप समितिको बैठक संख्या ४ र लेखा समितिको बैठक ५ वटा बस्यो। यस आ.व.मा ऋण उप समितिले ५८ जनालाई ऋण लगानी गरेको छ भने व्यवस्थापन समुहले ३२९ जना शेयर सदस्यहरुलाई लगानी गरेको छ।

१०) कृषक सँग जनसेवा कार्यक्रम अन्र्तगत यस वर्ष ६० जना कृषकहरुलाई बर्खे तथा लहरेबाली संबन्धी

तालिम र विउ विजन वितरण गरिएको थियो। उक्त कार्यक्रम आवश्यकता हेरी भेगीय रुपमा निरन्तरता दिईने छ।

११) २०७८/०७९ मा १९ जना सुत्केरी सदस्यलाई भेटघाट गरी उनीहरुलाई सुरक्षित मातृत्व सम्बन्धी जानकारी दिइएको थियो ।

१२) सदस्यहरुको सुझाव तथा गुनासो सुन्न र सदस्य सन्तुष्टिको मापन गर्न २५ प्रतिशत सदस्यहरुको सदस्य सर्वेच्क्षेण कार्यक्रम सञ्चालन गरिएको छ। जसबाट प्राप्त सदस्यहरुको नतिजा र गुनासाहरु यसै प्रतिवेदनको पृष्ठ नं ४९ जस्ताको तस्तै राखिएको छ।

**१४) यस वर्ष सहभागी भएका तालिमहरु:**

*क)* संस्था सञ्चलनको लागी विषय बस्तुको प्रयाप्त ज्ञान, वित्तिय अनुसासन सहितको योग्य र क्षमता वान सञ्चालकको आवस्यकता पर्दछ। संस्थाको वृद्धि र विकासकोलागी सञ्चालक समिति लाई थप जिम्मेवार र प्रतिवद्ध गराउन तथा सञ्चालन क्षमतामा वृद्धि गर्न पुर्व निर्धारित कार्यक्रम अनुसार २०७८ पौष १३ गते देखी पौष १७ गते सम्म गोरखामा सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC) तालिम सञ्चालन भएको थियो जसमा २६ जनाको सहभागीता रहेको थियो। उक्त तालिम बाट ३२ बुदे कार्ययोजना तय गरी क्रमश कार्यान्वयन गर्दै लगिएको छ ।

ख) सञ्चालक र अन्य उप समितिहरुलाई संस्थाका व्यवस्थापक प्रेमसागर अधिकारीको सहजीकरणमा मिति २०७९ जेष्ठ २३ गते पर्ल्स अनुगमन तालिम संस्थाको हलमानै सञ्चालन गरिएको थियो। उक्त कार्यक्रमहरु पश्चात् संचालकहरुमा सहकारीप्रतिको धारणमा वृद्धि साथै थप जिम्मेवारी बोध भएको थियो।

ग) नेफ्स्कुनको प्राविधिक सहयोगमा सञ्चलन भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रममा संस्थाका व्यवस्थापक प्रेमसागर अधिकारीलाई सहभागी गराईएको थियो भने ऋण संबन्धी तालिममा संस्थाका ऋण शाखा प्रमुख विष्णू गिरीलाई सहभागी गराईएको छ। तेस्तै गरी बर्तमान समयलाई मध्यनजर गरी सञ्चालक एवं कर्मचारीहरुलाई विभिन्न भौतिक अभौतिक तालिममा सहभागी गराईएको थियो।

घ) वार्षिक नीति तथा कार्यक्रम अनुसार नै समय समयमा कारोवारको जानकारी सदस्य माझ गर्ने उद्धेश्यले संस्थाको अर्धवार्षिक समिक्षा र वार्षिक समिक्षा कार्यक्रम गरिएको थियो भने यसै वर्षदेखी कम्तीमा वर्षमा ४ पटक संस्थाको समिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

ङ) संस्थाको वार्षिक कार्यक्रम अनुसार सहकारी हरु विच भएका असल अभ्यासहरुको आदान प्रदान गर्ने उद्धेश्यले विगत वर्षहरु जस्तै यस वर्ष पनि ३८ जना शेयर सदस्यहरुलाई दक्षिण नेपालका एक्सेस ब्राण्ड प्राप्त उत्कृष्ट सहकारी संस्था र महत्तवपुर्ण तिर्थस्थलहरुको भ्रमण गराईएको थियो।

आदरणीय शेयर सदस्य महानुभावहरु हाम्रो संस्थाले **Probation brand** प्राप्त गरे पछि त्यसको निरन्तरता तर्फ ध्यान दिदै अझै संस्थालाई सबल, बलियो, उत्कृष्ट र बृहत नेटवर्कमा सञ्चालन गर्नको लाई मिति २०७७ फागुन २ को सञ्चालक समतिको बैठकको निर्णय अनुसार एसिया स्तरमा संचालित कार्यक्रम उत्कृष्ठ सेवा र सुरक्षाको लागी पहिलो छनौट **ACCESS (A-one competitive choice for excellent in service and soundness)** " मा **NEFSCUN** का प्रतिनिधी र संस्था विच सम्झौतामा हस्ताक्षर भै कार्यक्रम अगाडी बढी

सकेको कुरा यहाँ हरु माझ जानकारी नै छ।। अब हाम्रो लक्ष ACCESS BRAND कसरी प्राप्त गर्ने भन्ने तर्फ ध्यान केन्द्रीत भएको छ। उक्त ब्राण्ड प्राप्त गर्नको लागी यहाँहरुकै साथ र सहयोगको खाँचो रहेको छ। यसमा साथ दिनको लागी सबै सहकारीकर्मीज्यूहरु समक्ष म हार्दिक अपिल पनि गर्दछु।

संस्थामा समय सापेक्ष परिवर्तन आइरहदा हामीलाई पुरानो घाउ चस्की रहन्छ। जुन २०७० सालमा भएको दुखद् घटना संस्थामा भएको चोरीको घटनाको सत्यतथ्य अझैसम्म पनि पत्ता लागेको छैन जुन घटना अझै पनि सुरक्षा निकायको अुनसन्धानकै दायरामा छ। चोरी घटनाको बारेमा सत्य तथ्य पत्ता लगाई दोषीलाई कानुनी कठघरामा ल्याउनु हामी सबैको दायित्व भएकोले त्यस्ता चोरी सम्बन्धी कुनै पनि साना भन्दा साना दसी प्रमाणहरु यहाँहरुसँग भए प्रहरी प्रसासनलाई उपलब्ध गराई अनुसन्धानलाई थप सहयोग पुयाईदिनुहुन पनि अनुरोध गर्दछु। पछिल्लो चरण यस्तै प्रकृतिका चारी घटना अन्य वित्तिय संस्थामा पनि भएको देखिएकोले प्रहरी प्रशासनलाई उक्त घटनाको अनुसन्धान प्रक्रृयामा जनसेवा साकोसको घटनालाई पनि जोडेर अनुसन्धान गरिदिनको लागी अनुरोध गरिएको छ।

आदरणीय महानुभावहरु :

आगामी आर्थिक वर्षको लागी देहाएका कार्यक्रमहरु सञ्चालनको लागी सिफारिश गर्दछु।

२८ औं बार्षिक साधारण सभाबाट मिति २०७७ कार्तिक २ गते ११ जनाको सञ्चालक समिति तथा ३ जनाको लेखा तथा सुपरिवेक्षण समिति सर्ब सम्मत रुपमा चयन भै संस्था संञ्चालनको लागी जिम्मेवारी प्राप्त भएको थियो उक्त जिम्मेवारीलाई आत्मसाथ गर्दै सहकारी ऐन २०७४, नियमावली २०७५ संस्थाको विनियम तथा अन्य नीति तथा कार्यविधिहरुको परिधि भित्र रहि संस्थाका गतिविधिहरु सञ्चालन भै रहेको जानकारी गराउदर्छौ।

अघिल्लो वर्ष राखेका नीति तथा कार्यक्रमहरु केही सम्पन्न भै सकेका छन भने केही बाकी रहेका छन तिनलाई निरन्तर रुपमा यस वर्ष पहिलो प्राथमिकतामा राखिने छ।

१) ५०० जनाले सदस्यता वृद्धि गराउने।

२) मोवाईल बैंकिङ सेवा प्रयोग गर्न सक्ने सबै सदस्य माझ पुर्याईने छ।

३) ३ तहको सदस्य अवलोकन भ्रमणकार्यक्रम सञ्चालन गरिनेछ।

४) ***नेपाल सरकार युवा स्वरोजगारकोषबाट सहुलिएत पूर्ण कर्जा ल्याई बेरोजगार युवाहरुलाई स्वरोजगार बनाइने छ।***

५) ***बचत नीति संसोधन गर्नेः (जस अर्न्तगत ऋण तथा कसैको धनजमानी नरहेको अवस्थामा नियमित बचत रकम सदस्यता बनेका १० वर्ष पछि वा उमेर ६५ वर्ष नाघेको अवस्थामा १ वर्षमा अति आवस्यक परेको खण्डमा १ पटक बचतको ८० प्रतिशत मात्र झिक्न पाइने)***

६) ऋण नीति अर्न्तगत नियमित बचत धितो राखी बचतको ९० प्रतिशत ऋण लिएमा बचतमा दिदै आएको ब्याजमा ३ प्रतिशत थप गरिने छ ।

७) कर्मचारी प्रसासन नियमावली संसोधन गरी कर्मचारीलाई भ्रमण विदाको व्यवस्थापन हरेक वर्षमा ५ दिन सन्चित विदा भएम अनिवार्य विदा दिइने छ।

८) १५ वर्षसम्म नियमित बाल बचत जम्मा गर्ने बाल बचत कर्तालाई सस्थाको शेयर सदस्यता लिदा बाल बचत खातामा रहेको रकम औषत बचत को आधारमा २ प्रतिशते शेयर सस्थाले प्रोत्साहन स्वरुप उपलब्ध गराउने छ। जसको लागी छुट्टै कार्यविधि बनाईने छ।

९) सदस्य राहतकोष परिचालन नीति संसोधन गरी हाल सम्म भै रहेको व्यवस्थालाई यथावत राखी कम्तीमा २० वर्ष सम्म नियमित रुपमा रकम जम्मा गरेका शेयर सदस्यहरुमा ८४ वर्ष उमेर पुरा भएका सदस्यको लागी संस्थाको स्थापना दिवसको विशेष कार्यक्रममा जेष्ठ सदस्य सम्मान गरिने छ । साथै सदस्य राहतकोषबाट प्रदान गर्नै आई रहेको राहत रकम सदस्य बनेको १० वर्ष पुरा भएको र सदस्यको उमेर ७५ वर्ष पुरा भएको सदस्यले चाहेमा ५० प्रतिशित राहत रकम लिन पाउने गरी सदस्यराहत कोष नीति संसोधन गरिने छ। यसरी अग्रीम रुपमा सुविधा लिएका सदस्यहरुलाई मृत्यु पश्चात प्रदान गरिने रकम सुविधा लिने रकमको आधारमा गणना गरिने छ।

१०) आगामी दिनहरुमा संस्थामा नेतृत्व लिन चाहाने ब्यक्तिहरुको लागी पुर्व नेतृत्व अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

११) ***सहकारी नियमनकारी निकाय पोखरा महानगरपालिका बाट पोखरा १ बगरमा रहने गरी १ सेवा केन्द्र स्वीकृत दिएको अवस्थामा छिट्टैनै सेवा केन्द्र स्थापना गरी कारोवार अगाडी बढाइनेछ।***

१२) आगामी दिनमा पोखरा महानगरपालिकाका सबै वडाहरु र माछापुच्छ्रे गाउँपालिकामा कार्यक्षेत्र विस्तारकोलागी प्रक्रृया अगाडी बढाईने छ।

१३) संस्थाको पुजी वृद्धिको लागी सदस्यहरुले हाल नियमित मासीक रुपमा जम्मा गर्दै आई रहेको रु.२००। लाई परिमार्जीत गरी रु.५००। को सिफारीस गर्दछु भने विगत साधारण सभामा खाजा ताथ यातायात खर्च बापत प्रदान गर्दै आईरहेको रकममा रु.२००। यसै साधारण सभाबाट लागु हुने गरी वृद्धि गरिएको छ। साथै बैठक भत्ता पनि सोहि अनुसार कायम गरिने छ ।

१४) सामुदायिक बिकास कार्यक्रम अन्तर्गत स्वस्थ्य शिविर, रक्तदान कार्यक्रम सञ्चालन गरिने छ।

१५) २५ प्रतिशत सदस्यहरुलाई सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

१६) संस्थाको नयाँ रणनितिक योजना निर्माण गरिने छ ।

१७) ***युवा लक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने।***

१८) जेष्ठ नागरीक र फरक क्षमता भएका ब्यक्तीहरु लक्षीत कार्यक्रम संचालन गरिने छ।

१९) जेष्ठ सदस्य तिर्थ भ्रमण कार्यक्रम

२०) सदस्यहरुलाई सहकारी संबन्धी तथा अन्य आय आर्जन मुखी तालिम सञ्चालन गर्ने।

२१) फरक क्षमता भएका तथा एकल महिला सदस्यहरुबाट उत्पादन मुलक कार्यकालागी ऋण लगानी गर्दा अन्य ऋणको तुलनामा १ प्रतिशत ब्याजमा छुट गरिने छ।

२३) विमा कम्पनि सँगको सहकार्यमा विना धितो लागानी भएका लघुऋणको विमा गर्ने कार्यको थालनी गरिने छ । जसको लागी छुट्टै कार्यविधि तयार गरी लागु गरिने छ।

२४) संस्थाको विनियम २०५० को दफा ५० उप दफा (५)मा बैंकखाता सञ्चालन सम्बन्धी हाल कायम रहेको व्यवस्थालाई संसोधन गरी व्यवस्थापक अनिवार्य अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै १

गरी जम्मा २ जनाको संयुक्त दस्तखत बाट खाता सञ्चालन गराउने व्यवस्था मिलाउनको लागी प्रस्ताव पेश गर्दछु ।

२५) नयाँ सेवा केन्द्र बाट सदस्यता लिने सदस्यहरुलाई अनिवार्य रुपमा सदस्यता लिनु पुर्व अभिमुखिकरण कार्यक्रम सञ्चलन गरिने छ । भने सदस्यता लिइ सके पछि सदस्य शिक्षा र सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

२६) संस्थाले अवलम्वन गरेका असल अभ्यासहरुलाई निरन्तरता दिदै र समयानुकुल सदस्य सन्तुष्टिलाई केन्द्रबिन्दुमा राखेर संस्थाको सेवा प्रवाहलाई अझ प्रभावकारी ढंकले व्यवस्थापन गरिने छ ।

२७) व्यबसायिक रुपमा गरिने नगदे बाली (आलु, तरकारी, तोरी,मुसुरो) उत्पादनको क्षेत्रमा लगानी गरिने ऋणलाई सहुलियत पुर्ण ब्याजदर कायम गरिने छ । जसकोलागी व्यबसायिक परियोजना अनिवार्य गरिएको छ ।

२८) असल ऋणी सदस्यहरुलाई ग्रिनकार्ड प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२९) कुल लगानीको २० प्रतिशत कृर्षी र पशुपालनमा लगानी गरिने छ । ऋणको क्षेत्रगत भार अनुसार लगानी गरिने छ ।

३०) नेपाल सरकारले सहकारी मार्फत सञ्चालन गरेका कार्यक्रमहरुमा हातेमालो गरिने छ भने उद्धेस्य र प्रकृति मिल्ने कार्यक्रमहरुमा स्थानीय तह सँगको समन्वय,सहकार्य र समझदारीमा कार्यक्रम सन्चालन गरिने छ ।

३१) बगर सेवाकेन्द्र व्यवस्थापनको लागी कोषाध्यक्षको प्रतिवेदनमा उल्लेख भएको बजेट अनुसारका सम्पती सामान हरु खरिद गर्नकोलागी सञ्चालक समितिलाई अख्तीयारी दिनु हुन अनुरोध गर्दछु । साथै सेवा केन्द्र सञ्चालनको लागी आवस्यक पर्ने तपशिल बमोजीमको कर्मचारी दरबन्दी स्वीकृतकोलागी यस सम्मानीत साधारण सभा समक्ष अनुरोध गर्दछु ।

१) सेवा केन्द्र प्रमुख १ जना २)लेखा सहायक १ जना ३)रिसेप्सनीस्ट १ जना

४) बजार प्रतिनिधी ३ जना ५) सुरक्षा गार्ड १ जना

७ जनाको दरबन्दी स्वीकृती भए तापनि संस्थाको आवश्यकता क्षमताको आधारमा क्रमश प्रकृयागत रुपमा नियुक्ती गर्ने जानकारी गराउदछु । )

अन्त्यमा संस्थाको उन्नती र प्रगतिमा सहयोग सद्भाव माया गर्नुहुने १९ नं वडा कार्यालय, पोखरा महानगरपालिकाको कार्यालय, जिल्ला सहकारी संस्था, जिल्ला बचत संघ, नेफ्स्कुन लगाएतका विभिन्न निकायका विशिष्ट व्यक्तिहरु लगायत कर्मचारी वर्ग, विभिन्न उपसमितिका पदाधिकारीहरु, सम्पूर्ण शेयरधनी सदस्यज्युहरु लगायत सम्पुर्णमा कृतज्ञता सहित धन्यवाद ज्ञापन गदै "संस्था रहे हामी रहन्छौ" भन्ने सकारात्मक सोच र भावनाबाट सवैले निरन्तर संस्थागत हितमा लागि पर्नुहुनेछ भन्ने पूर्ण विश्वास एवं अपेक्षा राख्दछु । साथै आउँदै गरेका विजया दशमी, शुभदीपावली, नेपाल संवत् ११४३ र छठ पर्वको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद, जय जनसेवा

जय सहकारी ।

# श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लि पुरुन्चौर

## ३० औं वार्षिक साधारण सभा

## कोषध्यक्षद्वारा प्रस्तुत आ.व. २०७९/२०८० को अनुमानित बार्षिक आय ब्ययको आर्थिक प्रतिबेदन २०७९



**टिकाराम आचार्य**
**कोषाध्यक्ष**

*मिति २०७९ भाद्र २५ गते शनिवार*

**संस्थाका सम्पुर्ण शेयर सदस्यज्यूहरु,**

आदरणिय सभाका सभाध्यक्ष महोदय,

यस सभामा उपस्थीत हुनु भएका प्रमुख अतिथिज्यू, आमन्त्रीत अतिथीज्यूहरु, उपस्थित विभिन्न संघ संस्थाका प्रमुख एंव प्रतिनिधिज्यूहरु, संस्थाका संस्थापक तथा सल्लाहकारज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका व्यवस्थापक एवं कर्मचारी मित्रहरु, पत्रकारज्यूहरु, शेयर सदस्यज्युहरु र उपस्थित सम्पुर्ण महानुभावहरुमा संस्थाको ३० औं बार्षिक साधारण सभामा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम, हामी नेपालीहरुको घर आँगनमा आई रहेका महान चाडहरु विजयादशमी, शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको पावन अवसरमा यहाँहरु सबैमा यस जनसेवा साकोस परिवारको साथै मेरो ब्यक्तिगत तर्फबाट सुख, शान्ति, समृद्धि सु–स्वास्थ्य तथा दीर्घायूको शुभकामना ब्यक्त गर्दछु र साथै विगत २ वर्ष देखि विश्वलाई नै आक्रान्त पारी महामारीको रुपमा अझै रहि रहेको कोभिड १९ बाट सर्तक रहन पनि सबै मा अनुरोध गर्दछु ।

*"एकका लागी सबै र सबैको लागी एक"* भन्ने मुल नारालाई आत्मासाथ गरी सहकारीताको आधारभुत मुल्य मान्यता र सहकारी सिद्धान्तहरुलाई ब्यबहारमा लागु गरी आफ्ना सदस्यहरुलाई तत्कालीन समयमा चर्को ब्याजदरको शोषणबाट उन्मुक्ति दिलाई आर्थीक र सांस्कृतिक परिवर्तका लागी आज भन्दा ३० वर्ष अगाडी अर्थात २०५० साल भाद्र २१ गते सोमबारका दिन यस क्षेत्रका ६८ जना सहकारी प्रेमी मित्रहरुको सक्रियतामा यस जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पुरुन्चौर नामक संस्थाको स्थापना भएको हो । तत्कालीन समयमा प्रति शेयर रु.१०० का दरले यो संस्थाको शेयर पुँजी रु.६८००। मात्र थियो भने हाल सम्म यस संस्थाको शेयर पुँजि रु.२,९८,११,०००। सहित कुल पुँजि रु. २९१५८६८४२।५३ पुगेको छ । आ.व.२०७९/०८० को अन्त्यसम्ममा २५०० जना शेयर सदस्य सहित कुल पूँजी ३५ करोड पुर्‍याउने लक्ष्य रहेको छ ।

नियमित बचत सकलत गर्नुनै वित्तिय संस्थाहरुको मुख्य कार्य हो तर वित्तिय सस्थाको स्थापना निकै पछि मात्र सुरुआत हुनु र भएका पनि साह्रै नगन्य मात्रामा हुनाले समाजमा बचत गर्ने बानीको विकास भएको थिएन । जब विश्व अर्थतन्त्र आर्थिक उदारीकरणतर्फ उन्मुख हुँदै गयो तव समाजमा छरिएर रहेको स–साना निस्कृय पुँजीलाई बचतको माध्यमबाट एकत्रित गर्दै सहकार्यको भावनाबाट पिछडिएका समाजलाई उत्थान गर्ने उद्धेश्यले सहकारीहरुको जन्म भएका हुन । नेपालमा २०४० सालको दशकपुर्व वित्तिय संस्थाहरु साह्रै न्युन रहेकोले सर्व

साधारणहरु विच वित्तिय पँहुच पुग्न सकेको थिएन । तत् पश्चात सरकारले नीजी वित्तिय संस्थाहरुलाई पनि मान्यता दिने नीति लियो । तव मात्र नीजी स्तरका बैंक तथा वित्तिय संस्थाहरु खुल्न थाले, त्यसरी नै २०४८ सालमा तत्कालीन सरकारले सहकारी ऐन २०४८ लागु गरे पछि सहकारीहरु खुल्न थाले । त्यसै ऐन अनुसार २०५० सालमा हाम्रो संस्थाको स्थापना भयो । आज यो संस्था ३० वर्षको यात्रा पुरा गर्दै गर्दा विभिन्न आरोह अवरोहका विचमा पनि विभिन्न प्रतिस्पर्धी वित्तिय संस्थाहरु विच विभिन्न तह र निकायबाट पुरस्कृत हुदै आएको छ । यस संस्था स्थानिय स्तरमा मात्र नभएर राष्ट्रिय रुपमा समेत उत्कृष्ट संस्थाहरुमा छनौट भएको छ । जसको फलस्वरुप नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) को प्राविधिक सहयोगमा संचालीत प्रोबेसन ब्रान्ड लिन सफल भएका छौं र यस ब्राण्डलाई अगामी दिनमा पनि निरन्तरताको लागी प्रयासरत छौं । त्यसै गरी एशियाली स्तरको गुणस्तर मापदण्ड एक्सेस कायक्रममा पनि सहभागी भएका छौं । तसर्थ आज यो संस्था सम्पुर्ण शेयर सदस्यहरुलाई सहज रुपमा वित्तिय समाधान दिन सक्ने सवल र सक्षम संस्थातर्फ उन्मुख रहेको पाउछौ । यस संस्थालाई अझ प्रभावकारी रुपमा सवल र सक्षम बनाउने उद्धेश्यले यसको साविकको कार्यक्षेत्र लाई विस्तार गरी पोखरा महानगरपालिकाको वडा नं १,२,३,४,५, ११ १६ १९ र २५ गरी ९ वटा वडाहरु कायम गरिएको छ । विस्तार गरिएको कार्य क्षेत्रभित्रका सबै वडाका शेयर सदस्यज्यूहरुलाई पायक पर्ने ठाँउ मा कारोवार संचालनको लागी पोखर १ बगर ट्याक्सी चोक स्थित बाबा भवनको तेस्रो तल्लामा सेवा केन्द्रको कार्यालय खोलीने प्रकृयाामा रहेको छ । यसै सेवा केन्द्रबाट सेवा दिन थाले पछि शेयर सदस्य, शेयर पुजी र वासलातमा उल्लेख्य रुपमा वृद्धि हुने अपेक्षा गरिएको छ , साथै सेवा केन्द्र विस्तार गर्दा कार्यालय तथा कर्मचारी व्यवस्थापन गर्दा थप करिव रु.२० लाख ब्ययभार थपीन सक्ने जानकारी पनि यस सभालाई गराउन चाहान्छु ।

हाम्रो यस संस्थाको हाल संम्मको अवस्थालाई आधार मान्दा कोभिड १९ को असर अझै कायम रहि रहेको र राष्ट्रिय तथा अन्तराष्ट्रिय कारण (रुस र युक्रेन युद्धका ) पेट्रोलीयम पदार्थ लगाएत सम्पुर्ण उपभोगिय बस्तु तथा सेवामा उच्च मुल्य वृद्धि भएकोले अर्थतन्त्र पुर्ण रुपमा चलायमान हुन सकिरहेको छैन । आर्थिक मन्दि जस्तो अर्थतन्त्र भएको यस विषम परिस्थितिमा पनि तरल सम्पतीको उचित ब्यवस्थापन, बजार अनुसार ब्याजदर समायोजन, सेवा ग्राहिहरुलाई विशेष ब्याज छुटको व्यवस्था र बचत तथा लगानी कर्ताहिरुलाई कारोवारको लागी यस संस्था प्रति बिश्वास दिलाउने प्रयास सकारात्मक रहेकोले वित्तिय संस्थाको अवस्था मापन गरिने संस्थागत वित्तिय सुचाङ्कहरु (पर्ल्स,हिमाल आदी) निरन्तर सकारात्मक हुदै गईरहेका छन् । जस्को फलस्वरुप ऋण लगानी तथा असुली सन्तोसजनक नै रहेको हुदाँ संस्थाको मुनाफा यस आ.व. मा लक्ष्य नजिक (९९ प्रतिशत) पुगेको छ । संस्थामा कोभिड १९ का कारण गत वर्षहरुमा गर्नु पर्ने कार्यहरु मध्ये कार्यालयको भर्‍याङ्, बरन्डा, सभाहलको फर्नीचर काउन्टर र सवारी पार्किङ् स्थलमा निर्माण तथा मर्मत यसै आ.व.मा सम्पन्न भएका छन् । त्यसै गरी सहकारी अवलोकन भ्रमण संचालनहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC) र अन्य विभिन्न गोष्ठी तथा तालिमहरुमा सहभागी हुदा संस्थाको थप ब्यय भार बढ्न गएको छ । ता पनि अनुशाशित शेयर सदस्यज्यूहरु, परिश्रमी कर्मचारी मित्रहरु र सहयोगी संचालकहरुको सामुहिक प्रयासबाट गत आ.ब को तुलनामा मुनाफा वृद्धि गर्न सफल भएका छौ । तसर्थ मुनाफाको वृद्धि सँगै शेयर लाभांश बोनश बितरण गत आ.ब को ११.४४ प्रतिशतमा करिव एक अंकले वृद्धि गरी १२.४० प्रतिशत पुर्याइएको छ ।

संस्थाको संस्थागत सुधारको लागी तल उल्लेखित विषयहरुमा हामी सम्पुर्ण शेयर सदस्यहरुको धारणा तथा

दृष्टिकोण बनाउन अनुरोध गर्दछु । जस्तैः

- एकै प्रकृतिका संस्थाहरुबीच एकिकरण (मर्जर) गरी सेवा बिस्तार गर्ने प्रयासलाई निरन्तरता दिने
- संस्था र सदस्यहरुलाई ब्यबसायिकृत गर्ने गराउने
- बित्त व्यवस्थापन लाई चुस्त दुरुस्त राख्ने
- शेयर सदस्यहरुलाई प्रबिधिमैत्री बनाउने
- खराब ऋणको मात्रा कम गराई बित्तिय सुरक्षा गर्ने ,
- प्रतिस्पर्धात्मक बाताबरणमा  संस्थागत बिकास गर्ने
- मितब्ययिता अपनाई अनाबश्यक खर्च कम  गर्ने
- शुशासन जवाफदेहीता र पारदर्शिता कायम गर्ने
- सर्बशुलभ बचत तथा ऋणका कार्यक्रम संचालन गर्ने
- अन्तर सहकारी सम्बन्ध बिस्तार गर्ने
- संस्थागत बिकासको लागी दिर्घकालिन रणनैतिक योजनाहरु निर्माण गर्ने
- संस्थाको स्थिरता र दिगो लक्ष्य प्राप्ती गर्ने उद्देश्यको लागी बितीय शुद्धतालाई ध्यान दिने । आदी

साधारण सभा कुनै पनि संस्थाको सर्बोच्च निकाय हो । यस सभाबाट संस्थाको बिगतको आ.व.मा भए गरेका कार्यको समिक्षा, मार्गनिर्देशन, संस्थाको लागी आवस्यक पर्ने नीति नियमहरुको तर्जुमा शंशोधन र कार्यान्वयनको लागी अनुमोदन तथा स्वीकृती दिने काम पनि साधारण सभाबाटनै हुने गर्दछ । यसै प्रक्रिया अनुसार संस्थाका अध्यक्षद्धारा बिगत आ.ब मा गरिएका कार्यहरुको समिक्षा गर्दै भाबि कार्यक्रमहरु सहितको प्रतिबेदन यस गरिमामय सभामा पेश गरिन्छ । यसै प्रतिबेदनलाई आधार मानी कोषाध्यक्षबाट बिगत आ.व.को समिक्षा गर्दै आगामी आ.ब को लागी अनुमानित आय ब्यय को विवरण सम्मानित सभा समक्ष पेश गर्ने प्रचलन रहेको हुन्छ । त्यसै प्रचलन अनुसार म कोषाध्यक्षको हैसियतले गत आ.व. को साराशंमा समिक्षा गर्दै आगामी आ.ब २०७९/०८० को अनुमानित आय ब्यय बिबरण सहितको आर्थिक प्रतिबेदन यस सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु । प्रतिबेदनको बिस्तारित बिबरण तलका पृष्ठहरुमा उल्लेख गरिएका छन् । पेश गरिएका आर्थिक प्रतिबेदन माथि बिस्तृत छलफल गरी यहाँहरुका महत्वपुर्ण दृष्टिकोण तथा सुझाबहरुको अपेक्षा गरिएको छ । संस्थाको दैनिक प्रशासन सञ्चालनार्थ तयार पारिएका आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम र बजेट ०७९ असार ३१ गते संस्थामा बसेको  विस्तारीत बैठकको सहमतिमा संचालक समितिले ले पास गरे पस्चात ०७९ साउन १ गते बाट कार्यान्वयनमा आएको छ । यो आर्थिक प्रतिबेदन अनुमोदन तथा स्वीकृतीको लागी यस सम्मानीत सभा समक्ष अनुरोध गर्दछु ।

संस्था संचालन गर्ने क्रममा कहिलेकाही कार्यक्रम र खर्चको अनुमानमा नसमेटिएका वा छुट हुन गएका र्षकमा संस्थाको हितको लागी खर्च गर्नुपर्ने अबस्था आएमा तत्कालै साधारण सभा बसी अनुमोदन गर्न असम्भब

हुने हुदाँ त्यस्ता कार्यहरुको बजेट व्यवस्थापन गरी सम्पन्न गर्ने अख्तियार संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताब पनि यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु। आ.व. ०७८/०७९ मा संस्थाले आफ्ना गतिविधिहरु सञ्चलन गर्दा केहि शीर्षकमा निर्धारण गरे भन्दा बढी खर्च भएकोले उक्त खर्चको बजेट संचालक समिति बाट थप भएको छ सोको अनुमोदन गरीदिनुहुन सभा समक्ष अनुरोध गर्दछु। विवरण यस प्रकार रहेको छ।

| क्र.स | शिर्षक | ०७८/०७९ को बजेटमा भएको व्यवस्थाः | ०७८/०७९ को यथार्थ खर्च | नपुग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कर्मचारी तलव खर्च** | २३०००००.०० | २३३४७५७ | ३४७५७.०० | बजार प्रतिनिधिलाई प्रोत्साहन र थप समय काम गरेकोले । |
| २ | स्टेसनरी | ८००००.०० | १४५८०५.७ | ६५८०५.७० | मुल्य वृद्धि, ऋण लगानीमा आवस्यक कागजात थप। |
| ३ | विधत महशुल | २५०००.०० | ५६४९० | ३१४९०.०० | |
| ४ | भबन मर्मत सम्भार(विजुली) रङ | ९००००.०० | १०१६८९ | ११६८९.०० | |
| ५ | अतिथी सत्कार | २००००.०० | २६००५ | ६००५.०० | |
| ६ | सफ्ट्वयेर खर्च | ३३९००.०० | ७२५४० | ३८६४०.०० | सफ्टवयेर वेब बेसमा रहेको। |
| ७ | बैंक चार्ज | २०००.०० | २१५८ | १५८.०० | |
| ८ | पुरस्कार खर्च | २००००.०० | २८३०० | ८३००.०० | सदस्य प्रोत्साहन निर्देशिका बमोजीम सम्मान गरिएकोले |
| ९ | लेखा परिक्षक शुल्क | ४५२००.०० | ७५००० | २९८००.०० | लेखा परिक्षणको नियम अनुसार वृद्धि भएको। |
| १० | ह्रास खर्च | ३५००००.०० | ४३२६११.४२ | ८२६११.४२ | स्थीर सम्पती खरिदमा वृद्धि भएको। |

आदरणिय अध्यक्ष तथा सभा सदस्यज्यूहरु,

अब म यस संस्थाहरुद्धारा आ.ब २०७८/०७९ मा संचालन गरेका आर्थिक कारोबारहरुको समिक्षा तथा बास्तबिक आय ब्यय बिबरण संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक समिक्षा :**

क) कुल पुँजी तथा दायित्वः

आर्थिक वर्ष ०७७/०७८ मा कुल पुँजी तथा दायित्व २६८५९०४६६।०३ मा आ.ब २०७८/०७९ मा २,२९,९६,३७६।५० ले वृद्धि भई २९,१५,८६,८४२।५३ पुगेको छ भने वृद्धिदर ८.५६ प्रतिशत रहेको छ।

ख) आम्दानी र खर्चः

संस्थाको गत आ.ब को कुल संचालन आम्दानी १,२९,८२,७१६।९५ भएकोमा यो वर्ष ३०५२९८८।०८ ले वृद्धि भई रु १,६०,३५,७०८।०३ पुगेको छ। जुन गत आ.ब को तुलनामा २३.५१ प्रतिशतले वृद्धि भएको छ। भने यो वर्षको कुल खर्च ५२,०२,१८३,०३ भएको हुनाले कुल मुनाफा १०६०९१७७।६२ हुन पुगेको छ यस नाफाबाट ३,४७,०४६।३८ को कर्जा जोखिम कोषमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

ग) शेयर पुँजीः संस्थाको शेयर पुजीँ गत आ.ब २०७७/०७८ मा रु २,६७,२७,५००। रहेको मा यस आ.ब मा ११.५३ प्रतिशतले वृद्धि भई रु २,९८,११,०००। पुगेको छ।

घ) बचत तथा निक्षेपः

गत आ.ब २०७७/०७८ मा बचत निक्षेप रु २१,२८,१२,१०३।२३ रहेकोमा यस वर्ष रु १,५१,५६,७६९।१५ ले वृद्धि भई रु २२,७९,६८,८७२।३८ पुगेको छ। जुन वृद्धिदर ७।१२ प्रतिशत रहको छ।

ङ) ऋण लगानीः

गत आ.ब २०७७/०७८ मा लगानीमा रहेको ऋण रु २१,६१,२३,७१५।९१ रहेकोमा यस वर्ष २,५३,२४,०५१।२५ ले वृद्धि भई २४,१४,४७,७६७।१६ पुगेको छ। जसको वृद्धिदर ११।७२ प्रतिशत रहेको छ।

च) स्थिर सम्पतिः

